# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः २०, आश्विन ७ गते, २०७७ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।६।७

**प्रस्तावनाः** कोभिड-१९ को संक्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु रुपले सञ्चालन गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार एवं दायित्वलाई मनन् गर्दै नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७।५।१९ गते जारी विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ लाई मध्यनजर गरी व्यास नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थी सिकाईलाई सहजीकरण गर्न व्यास नगरपालिका शिक्षा ऐन, २०७५ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम “व्यास नगरपालिका विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएका मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः,

(क) “प्रविधि” भन्नाले शिक्षण सिकाईको लागि प्रयोगमा आउने रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाइनका माध्यम सम्झनुपर्छ ।

(ख) “विद्यार्थी” भन्नाले विद्यालयमा औपचारिक, अनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका सम्झनुपर्छ ।

(ग) “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सामुदायिक र संस्थागत विद्यालय वा सार्वजनिक र निजी लगानीका विद्यालय सम्झनुपर्छ र सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँछ ।

(घ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक र प्रधान अध्यापक समेत सम्झनुपर्छ ।

(ङ) “सिकाई सहजीकरण प्रणाली” भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको महामारी वा विपद् जस्ता कारणले नियमित पठन पाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम.रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना कार्यहरु, स्वःअध्ययन, दूर तथा खुला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धति वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट अध्ययन, अध्यापन सुचारु राख्ने विधि र प्रकृया सम्झनुपर्छ ।

(च) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(छ) “नगर शिक्षा अधिकारी” भन्नाले नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख सम्झनुपर्छ ।

(ज) “स्वयंसेवक” भन्नाले विद्यार्थीको सिकाईलाई सहजीकरण गर्ने कार्यमा समुदायमा रही स्वेच्छिक रुपमा योगदान गर्ने नगरपालिका वा विद्यालयले तोकेको व्यक्ति सम्झनुपर्छ ।

३. **विद्यार्थी पहिचान अभिलेखीकरण तथा वर्गीकरण:** (१) विद्यमान कोभिड-१९ को महामारी बीच स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै विद्यार्थी सिकाई सहजीकरण गर्न विद्यालयका तहगत, कक्षागत एवं श्रोत साधनको पहुँचका आधारमा विद्यार्थीको पहिचान र वर्गीकरण गर्ने दायित्व नगरपालिका र विद्यालयको हुनेछ ।

(२) विद्यार्थी वर्गीकरण गर्दा हरेक विद्यालयले देहायका समूहमा वर्गीकरण गरी नगरपालिकामा कार्ययोजना पेश गर्नुपर्नेछ:

(क) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह,

(ख) कम्प्युटर भएका तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह,

(ग) टेलिभिजन पहुँच भएका विद्यार्थी समूह,

(घ) एफ.एम. रेडियोमा पहुँच भएका विद्यार्थी समूह,

(ङ) माथि लेखिएका सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विशेष अवस्थाका (अपांगता) विद्यार्थी एवं अन्य विद्यार्थी समूह

(३) सिकाई सहजीकरण प्रणालीबाट सिकाईमा सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिमका सामग्रीहरु प्रयोग गर्नुपर्नेछ ।

(४) विद्यालयले विद्यार्थीको अभिलेख तयार गर्दा अनुसूची १ बमोजिमको ढाँचामा वर्गीकरण गरी तयार गर्नुपर्दछ ।

(५) उपदफा (४) बमोजिम समूहगत रुपमा वर्गीकरण गरिएका विद्यार्थीहरुलाई सिकाईमा सहज हुने अवस्था विश्लेषण गरी विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिकाको सिकाई सहजीकरण गर्ने कार्ययोजना तयार गरी नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा पेश गर्नुपर्नेछ ।

४. **कार्यक्रम सञ्चालन प्रकृया:** (१) विद्यालयबाट सिकाई सहजीकरणको कार्ययोजना पेश भएपछि नगरपालिकाद्वारा प्रभावकारी शिक्षण सिकाईका लागि कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

(२) स्वीकृत कार्ययोजनाका आधारमा विद्यालयले समूहगत वा वैकल्पिक रुपमा निर्धारित साधन, विधि तथा प्रकृया अपनाई सिकाईमा सहजीकरण गर्नुपर्नेछ ।

(३) विद्यालयले शैक्षिक सत्र पुरा हुने अवधि समेतलाई ध्यानमा राखी पाठ्यक्रम कार्यान्वयन गर्न सिकाई क्रियाकलाप सम्बन्धी उपयुक्त ढाँचा, तरिका वा शिक्षण विधिहरु अध्ययन गर्न सक्नेछ ।

(४) सिकाई सहजीकरण कार्यक्रम सञ्चालन गर्दा विद्यालयले साप्ताहिक वा मासिक रुपमा तालिका तयार गरी विद्यार्थीलाई जानकारी दिनुपर्दछ ।

(५) स्वीकृत कार्ययोजनाका आधारमा विद्यार्थीहरुको सिकाई सहजीकरण गर्ने मुल जिम्मेवारी विद्यालयले तोकेको शिक्षकको हुनेछ ।

(६) कक्षा, विषय वा स्थानका आधारमा समूहकृत गरी विद्यार्थीको सहजीकरणका लागि विद्यालयले समूहगत रुपमा शिक्षकलाई जिम्मेवारी तोक्नुपर्नेछ ।

(७) शिक्षकले तोकेको जिम्मेवारी अनुरुप आफूले सम्पादन गरेको सिकाई सहजीकरण सम्बन्धी कार्यको साप्ताहिक कार्य प्रगति प्रधानाध्यापक समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(८) प्रधानाध्यापकले शिक्षकले पेश गरेको प्रतिवेदन समेतका आधारमा मासिक कार्य प्रगति विद्यालय व्यवस्थापन समितिमा समिक्षा गराई नगर शिक्षा अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

५. **अनुगमन सम्बन्धी व्यवस्था:** नगरपालिका भित्रका विद्यालयहरुमा स्वीकृत कार्ययोजना अनुसार विद्यार्थी सिकाई भए नभएको नियमित अनुगमन गरी आवश्यक सहजीकरण तथा सुधारात्मक उपायहरु अवलम्बन गराउने दायित्व नगर शिक्षा समितिको हुनेछ । विद्यालयको अनुगमन गर्दा सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिलाई अनिवार्य सहभागी गराउनुपर्नेछ । नगर शिक्षा समितिका पदाधिकारी सदस्यहरुको नेतृत्वमा एक वा सोभन्दा बढी अनुगमन समिति गठन गर्न सकिने छ ।

६. **समूहगत सिकाई कार्यक्रम सम्बन्धी व्यवस्था:** (१) वर्गीकृत विद्यार्थीको समूहलाई देहाय बमोजिमको लक्षित कार्यक्रम सञ्चालन गरी सिकाई सहजीकरण गरिनेछ:

**(क) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूहका लागि:**

१) चालु शैक्षिक सत्रको पाठ्यक्रम उपलब्ध गराउने,

२) विद्यालयले अनलाइन सिकाई सामाग्रीहरु तयार गरी अनलाइन माध्यम उपलब्ध गराउने,

३) नगरपालिकासँग समन्वय गरी विद्यालयले अध्ययन सामाग्री उत्पादन गरी अनलाइन पठनपाठन गराउने, निरन्तर अनुगमन गर्ने जिम्मेवारी अभिभावक र शिक्षकलाई दिने,

४) अभिभावक मार्फत बालबालिकालाई सिकाईका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(ख) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएको विद्यार्थी समूहका लागि:**

१) स्वीकृत चालु सत्रको पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक उपलब्ध गराउने,

२) अनलाइनमा तयार गरिएको सामाग्रीको अफलाइन मोडमा ( सिडी वा पेन ड्राइभ, हार्ड डिक्स) विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउने,

३) अफलाइन मोडका सिकाई विधि विद्यार्थीले प्रयोग गरे नगरेको अनुगमन गराई सहजीकरण गर्न अभिभावक समेतको सहयोग लिने

**(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि:**

१) पाठ्यपुस्तक दिई विद्यालय, नगरपालिका, प्रदेश, केन्द्रबाट टेलिभिजनबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठ सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने,

२) नियमिति अनुगमन गरी सिकाईमा सहजीकरण गर्न अभिभावक समेतको सहयोग लिने,

**(घ) रेडियो, एफ.एम.रेडियोको पहुँच भएका विद्यार्थी समूहका लागि:**

१) चालु शैक्षिक सत्रको पाठ्यपुस्तक उपलब्ध गराउने,

२) केन्द्र, प्रदेश, नगरपालिका र विद्यालयले तयार गरेको पाठ्य सामग्री प्रसारण गर्ने गराउने व्यवस्था मिलाउने

३) प्रदेश र केन्द्रको सहयोग लिई स्थानीय रेडियो एफ.एम. मार्फत निशुल्क वा न्यूनत्तम शुल्कमा शिक्षण सिकाई प्रसारण गर्ने व्यवस्था मिलाउने,

४) नियमित अनुगमन गराई सिकाई सहजीकरणमा अभिभावक समेतको सहयोग लिने ।

**(ङ) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी <u>समूहका लागिः</u>**

१) चालु शैक्षिक सत्रमा अध्ययन गर्ने पाठ्यपुस्तक उपलब्ध गराउने,

२) नगरपालिकाले तयार गरेको अभ्यास पुस्तिका वा अन्य शैक्षिक सामग्री उपलब्ध गराउने,

३) समुदायमा रहेका वा रहने सिकाई केन्द्र वा विद्यालयमा एक आपसमा भौतिक दूरी कायम गरी बसाई व्यवस्था मिलाई पाठ्यपुस्तक स्वःअध्ययन सामग्री वा छपाईका सामग्रीहरु प्रयोग गरी शिक्षक वा स्वयं सेवक मार्फत सिक्ने सिकाउने व्यवस्था गर्ने,

४) स्थानीय समुदायमा रहेका शिक्षक र शिक्षक नभएको अवस्थामा नगरपालिका वा विद्यालयबाट तोकेको स्वयंसेवकबाट विद्यार्थीका लागि सिकाईमा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने व्यवस्था गर्ने,

५) विद्यालयमा सिकाई केन्द्र सञ्चालन गर्ने अवस्थामा एउटा कक्षामा २५ जना भन्दा बढी विद्यार्थी नराख्ने गरी दैनिक न्यूनत्तम ३ घण्टामा ४ पिरियड मात्र कक्षा सञ्चालन गर्नुपर्नेछ । विद्यार्थी संख्या बढी भएको अवस्थामा विद्यालयले एक भन्दा बढी सिफ्टमा कक्षा सञ्चालन गर्न सक्नेछ ।

६) विद्यालयमा कक्षा सञ्चालन भएमा विद्यालयले साबुन पानीको व्यवस्था वा सेनीटाइजरको व्यवस्था गर्नुपर्नेछ । साथै शिक्षक, विद्यार्थीले अनिवार्य रुपमा मास्क तथा विद्यालय पोशाक लगाउनुपर्नेछ ।

७) प्रत्यक्ष कक्षा सञ्चालन गर्दा पूर्व प्राथमिक तहका विद्यार्थी बाहेकका विद्यार्थीलाई मात्र विद्यालयमा वा समुदायमा समूहगत अध्ययन गराउनुपर्नेछ ।

८) सामुदायिक तथा संस्थागत विद्यालयहरुले सवारी साधनद्वारा विद्यार्थी ल्याउने लैजाने गर्ने अवस्थामा जिम्मेवार शिक्षक,

कर्मचारीको उपस्थितिमा स्वास्थ्य मापदण्ड पालना गरी सिटमा बढी विद्यार्थी नराख्ने गरी मात्र लाने लैजाने व्यवस्था गर्नुपर्नेछ ।

९) साना कक्षाका विद्यार्थीलाई पहिलो सिफ्टमा पढाई खाजा उपलब्ध हुने विद्यालयले खाजा खुवाएर घर पठाउनुपर्नेछ ।

१०) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाईका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

७. **विद्यार्थीले आफ्नो रुची र प्राथमिकता अनुसार अध्ययन गर्न पाउने:** दफा ६ बमोजिमका कार्यक्रमहरु मध्ये एक भन्दा बढी कार्यक्रममा पहुँच हुने विद्यार्थीको रुची र प्राथमिकता अनुसारको कार्यक्रम छनौट गर्न सक्नेछ ।

८. **प्रारम्भिक बाल विकास उमेर समूहको लागि सिकाई सहजीकरण:** प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरुको सिकाई प्रकृयालाई निरन्तरता दिन अभिभावक, सिकाई सहजकर्ता वा शिक्षकले घरमै (Home Schooling) बालबालिकाले गरेका कियाकलापका बारेमा जानकारी लिने र अभिलेखीकरण गरी आवश्यक परेको अवस्थामा सहयोग गर्ने, सिकाई प्रकृया अपनाउँदा दफा ६ बमोजिमका विभिन्न विधिहरु अपनाउन सकिने छ । साथै हरेक बालबालिकाको घरमा एक जना अभिभावकलाई सिकाई सहजकर्ता छनौट गरी अभिमुखीकरण गराई अध्ययन कार्य गराउनुपर्नेछ ।

९. **शिक्षण विधि:** (१) शैक्षिक सत्रको समयावधि तथा महामारी लगायतका विषम परिस्थितिको अवस्था हेरी विद्यालयले आवश्यकता अनुसार दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाई सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्न सक्नेछ ।

(२) सिकाई सहजीकरणका लागि शिक्षक, अभिभावक, परिवारको सदस्य, छिमेकी, माथिल्लो कक्षाका विद्यार्थी, सहपाठी र स्वयंसेवकलाई परिचालन गर्न सकिने छ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको सिकाई सहजीकरणलाई सिकाईको कार्य घण्टामा गणना गरिने छ ।

१०. **प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन:** विद्यालयले महामारीको अवस्था हेरी विषय र प्रयोगगात्मक कार्यको अवस्था अनुसार घरमै बसेर गर्न सक्ने गरी प्रयोगात्मक वा परियोजना कार्य गराउन र मूल्यांकन गर्न सक्नेछ ।

११. **सिकाईको मूल्यांकन, अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणीकरण:** (१) विद्यार्थीले वैकल्पिक, दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार लगायतका विभिन्न विधि, प्रकिया र माध्यमबाट सिकेको सिकाईलाई सम्बन्धित विषय शिक्षकले मूल्यांकन, अभिलेखीकरण,

नतिजा प्रकाशन र प्रमाणीकरणमा गर्ने गरी विद्यालयले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्यांकन गर्ने प्रयोजनका लागि विद्यालयले विद्यार्थीहरुको कार्यतालिका बनाई सोको आधारमा मूल्यांकन गर्ने पद्धति अवलम्बन गर्न सक्नेछ ।

(३) विद्यालयले विद्यार्थीको मूल्यांकनका लागि परियोजना कार्य वा समानान्तर प्रश्न पत्र वा अन्य उपयुक्र विधि र प्रकियाहरुको प्रयोग गर्न सक्नेछ ।

(४) विद्यालयले वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थीले सिकेका कुराहरुको मूल्यांकन गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मूल्यांकनको आधारमा विद्यार्थीलाई उपचारात्मक शिक्षण सिकाईको व्यवस्था गर्नुपर्नेछ ।

(६) विद्यालयमा नियमित पठन पाठन सञ्चालन गरिएको अवस्थामा यस निर्देशिका बमोजिम सिकेका विषयवस्तुको समेत मूल्यांकन गर्नुपर्नेछ ।

**१२. विद्यालय तथा शिक्षकले सिकाई सामग्री विकास गरी सञ्चालन गर्न सक्ने:** (१) दफा ६ मा उल्लिखित कार्यक्रमका अतिरिक्त विद्यालय तथा शिक्षकले विद्यार्थीको आवश्यकता र उपलब्ध प्रविधिका आधारमा सिकाई सामग्री विकास गरी सिकाई सहजीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सहजीकरण कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिमका सामग्री प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रममा अन्य विद्यालयका विद्यार्थी समेत सहभागी हुन पाउने छन् ।

(४) विद्यालय तथा शिक्षकले सिकाई सामग्री विकास गरी सञ्चालन गर्न सक्ने अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. शुल्क सम्बन्धी व्यवस्था:** विद्यालयले लिन पाउने शुल्क प्रचलित कानूनको अधिनमा रही गतवर्ष लिएको शुल्कमा नबढ्ने गरी नगरपालिकालाई जानकारी दिई शुल्क लिन पाउनेछन् ।

**१४. मापदण्डको पालना गर्नुपर्ने:** यस निर्देशिका बमोजिम सिकाई सहजीकरण प्रणालीबाट सिकाईमा सहजीकरण गर्दा कोभिड-१९ वा यस्तै प्रकृतिका महामारीको नियन्त्रण र रोकथामका लागि नेपाल सरकार वा नेपाल सरकारद्वारा गठित समितिहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, नगरपालिका र स्थानीय प्रशासनबाट निर्धारित सबै मापदण्डको पालना गर्नुपर्नेछ ।

**१५. सिकाई सहजीकरण प्रणाली कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था:** (१) कोभिड-१९ संकामक रोग वा यस्तै प्रकृतिका विपद्बाट सृजना हुने विषम परिस्थितिमा सिकाई

प्रणालीलाई निरन्तरता दिने प्रयोजनका लागि दूर तथा खुला शिक्षा लगायतका पद्धतिलाई सिकाई सहजीकरणको प्रणालीका रुपमा लागू गर्न सकिने छ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्र विशेषमा नियमित विद्यालय सञ्चालन हुन सक्ने अवस्था भएमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) विद्यालयमा नियमित पठन पाठन हुन सक्ने अवस्थामा यस निर्देशिका बमोजिमको व्यवस्था शिक्षण सिकाईको पूरक प्रणालीका रुपमा लागु गर्न सकिनेछ ।

१६. यसमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ बमोजिम हुनेछ ।

**१७. बाझिएमा अमान्य हुने:** यस निर्देशिकामा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस निर्देशिकाको व्यवस्था अमान्य हुनेछ ।

अनुसूची १

(दफा ३ को उपदफा ४ सँग सम्बन्धित)

विद्यार्थी अभिलेख

नगरपालिका:

वडा नं.: स्थान:

विद्यालयको नाम: कक्षा:

| क्र. सं. | विद्यार्थीको नाम | बुबा/आमाको नाम | ठेगाना | सम्पर्क नं. | समूहकृत वर्ग | श्रोत साधनको पहुँच | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |
| १९ | | | | | | | |
| २० | | | | | | | |

मिति:

...............

प्रमाणित गर्ने

प्रधानाध्यापक

आज्ञाले

डिल्लीराम सिग्देल

प्रमुख प्रशासकीय अधिकृत